# सहकारी मार्फत दिगो विकास लक्ष्यको कार्यान्वयन

***डा. युवराज खतिवडा***

## १. पृष्ठभूमी :

पछिल्ला दशकहरुमा विकासलाई समावेशी, दिगो र अधिकारमा आधारित तुल्याउन विश्वव्यापी प्रयासहरु भएका छन जसको नेतृत्व संयुक्त राष्ट् संघले गरिरहेको छ । यसकै नेतृत्वमा सन् २००१ देखि २०१५ सम्मको १५ वर्षे विकासको खाकाको रुपमा सहस्राव्दी विकास लक्ष्यको घोषणा भएको थियो र यसको कार्यान्वयनबाट केही महत्वपूर्ण उपलब्धीहरु हासिल पनि भए । तर जातिय, वर्गीय, क्षेत्रीय, लैङ्गिक आधारमा यी विकासहरु समान रहन सकेनन् । असमानता झन वढदै गयो भने वातावरण विनास र जलवायु परिवर्तन हुँदै दिगो विकासको वाधक वन्न थाले । यस अतिरिक्त पर्याप्त पूर्वाधारको अभावमा शिक्षा, स्वास्थ्य जस्ता सामाजिक क्षेत्रमा गरिएको लगानीवाट पनि यथेष्ठ लाभ लिन सकिएन । पछिल्ला वर्षहरुमा आर्थिक संकट, द्वन्द, प्रकोप, असमानता, जलवायु परिवर्तन, शासकीय समस्या, अव्यवस्थित शहरीकरण, धान्नै नसकिने उपभोग र उत्पादन शैली एवम् रोजगारी विहिन आर्थिक वृद्धिले विकासका समस्याहरुलाई अझ फराकिलो र गहिरो ढंगले सम्वोधन गर्नु पर्ने भयो । त्यस माथि प्रजातान्त्रिकरणको प्रकृया अघि बढे संगै मानव अधिकारको प्रत्याभूति र अधिकारमा आधारित विकास पद्धतिको विकास पनि गर्दै जानु पर्ने भयो । यी सवै समस्याहरुलाई एउटै डालोमा हालेर “दिगो विकास लक्ष्य”को रुपमा विश्वका १९३ मुलुकहरुले हस्ताक्षर गरी सन् २०३० सम्मका लागि विकासका साझा लक्ष्यहरु तय गरेका हुन जसलाई हामी सन् २०३० सम्मका विकास एजेण्डा भनेर पनि चिन्दछौं । १७ वटा उद्देश्य र १६९ वटा लक्ष्य राखिएको यो विकास एजेण्डा सन् २०१६ देखि हामी सवैको विकासको साझा एजेण्डाको रुपमा कार्यान्वयनमा आउन थालेको छ । नेपाल पनि दिगो विकास लक्ष्य प्राप्तीका लागि प्रतिवद्ध मुलुकको रुपमा हस्ताक्षरकर्ता भएकाले अव “एजेण्डा २०३०” हाम्रो पनि विकासको १५ वर्षे एजेण्डा भएको छ ।

दिगो विकास लक्ष्यहरु जनताको समृद्धि, पृथ्वी र पर्यावरणको सुरक्षा, र शान्तिपूर्ण समाज स्थापना गर्न सवै सरोकारवालाहरुको साझेदारीको सिद्धान्तमा आधारित छन् । सहस्राव्दी विकास लक्ष्यको तुलनामा दिगो विकास लक्ष्यहरु धेरै नै महत्वाकांक्षी मात्र छैनन्, यिनीहरुले सम्पूर्ण विकास प्रणालीलाईनै रुपान्तरण गर्ने ध्येय राखेका छन् । यी लक्ष्यहरुले गरीवी, कुपोषण, अशिक्षा, निरक्षरता, आभारभूत शिक्षा, स्वास्थ्य र खानेपानी सुविधाबाट वञ्चिति, लैङ्गिक असमानता आदिको अन्त्य गर्ने ध्येय राखेकाछन् । त्यस्तै समावेसी आर्थिक वृद्धि, मर्यादित रोजगारी,आधारभूत पूर्वाधारको विकास, व्यवस्थित सहरी विकास र अन्वेषणमा आधारित औद्योगिकीकरण, राष्ट्र-राष्ट्र विचको र मुलुक भित्र परिवार-परिवार विचको असमानता घटाउने, धान्नै नसकिने उपभोग र उत्पादन प्रणालीलाई रुपान्तरण गरी दिगो वनाउने जस्ता विषयहरु पनि यस भित्र समेटिएका छन् । जलवायु परिवर्तनका असरहरुलाई न्युनिकरण गर्दै अनुकुलनको क्षमता बढाउने, समुन्द्री जीवनलाई दिगो रुपमा संचालनहुने गरी व्यवस्थागर्ने, वन, जमीन,

पर्यावरण, जैविक विविधताको संरक्षण र प्रर्वद्धन गर्ने ध्येय पनि यसमा समावेश छन् । न्यायमा पहुँच, सुशासन, मानव अधिकारको संरक्षण एवम् प्रवर्द्धन र शान्तिपूर्ण एवम् समावेशी समाज निर्माण गर्नेगन्तव्यहरु समेत दिगो विकास लक्ष्य अन्तर्गत समेटिएका छन् । यी सवै लक्ष्यहरु हासिल गर्न राष्ट्रिय तया अर्न्तराष्ट्रिय सहभागिता, सहयोग र सहकार्यका क्षेत्र तथा उत्तर-दक्षिण, दक्षिण-दक्षिण एवम् त्रिकोणीय सहयोग विस्तार गर्ने रणनीतिहरु अघि सारिएको छ ।

## २. दिगो विकासलक्ष्यको कार्यान्वयनमा सहकारी क्षेत्रको भूमिका :

नेपालले दिगो विकास लक्ष्यको कार्यान्वयन शुरु गरिसकेको छ । यसक्रममा मुलुकको १४ औं योजनामा दिगो विकासका लक्ष्यहरु समेटिएको छ भने राष्ट्रिय योजना आयोगले दिगो विकास लक्ष्य कार्यान्वयन रणनीति पनि तयार पारेको छ । यस रणनीतिमा सहकारी संस्थाहरु कसरी दिगो विकास लक्ष्य प्राप्तिमा सहयोगी हुन सक्छन भन्ने उल्लेख पनि गरिएको छ । तर संघिय सरकारको मात्र प्रयासले दिगो विकास लक्ष्यहरु प्राप्त गर्न नसकिने भएकाले प्रदेश र स्थानीय तहका सरकारले समेत दिगो विकास लक्ष्य प्राप्तीका लागि काम गर्नु पर्ने भएको छ । सहकारी क्षेत्रले वातावरण र समाज मैत्री आर्थिक वृद्धि, न्यायोचित श्रम संवन्ध, मर्यादित कामको अवसरको सिर्जना, कृषिको व्यवसायिक विकास, उच्च शिक्षा र सीप विकास, विशेषिकृत स्वास्थ्य सेवा, सफाई, शहरी पूर्वाधार, उर्जा उत्पादन, अन्वेषण, र ओद्योगिकरण, शहरीकरण र व्यवस्थित वसोवास, वातावरण संरक्षण, सुशासन, लगानी र व्यापार प्रवर्धन मार्फत दिगो विकासका लक्ष्यहरु हासिल गर्न राज्यका सवै तहसंग परिपूरकको रुपमा काम गर्नु पर्ने हुन्छ । स्थानीय सरकारले कृषि, शिक्षा, स्वास्थ्य, लैगिंक समानता, सफाई, उर्जा, दिगो उपभोग र उत्पालन प्रणाली, वातावरण अनुकुलन र सुशासन आदिमा सहकारीको भूमिकालाई प्रोत्साहित गर्नु जरुरी छ । तत्काल वार्षिक कार्यक्रम तय गर्दा दिगो विकासको अवधारणालाई आत्मसात गर्ने, दिगो विकास लक्ष्यमा स्थानीय तहको भूमिका र अन्य सरोबारवालाको सहभागिता समेतको आवधिक र दीर्घकालिन (१५वर्षे) रणनीति तयार गर्ने, यो रणनीति कार्यान्वयन, अनुगमन र मूल्यांकनमा सवै सरोकारवालाको सहभागिता सुनिश्चित गर्ने कार्यहरु स्थानीय सरकारका कार्यभार पर्दछन् । तलका परिच्छ्येदहरुमादिगो विकासका १७ वटै लक्ष्यहरुको प्राप्तिमा नेपालका सहकारी क्षेत्रको कस्तो भूमिका रहन सक्दछ, त्यसको विश्लेषण गरिएको छ ।

### (क) गरिवीको अन्त्यगर्नेः

यस लक्ष्यअन्तर्गते सन् २०३० सम्ममा निरपेक्ष गरीवीको अन्त्य गरी सक्ने, सबै प्रकारका गरीबी (आय गरीबी, आधारभूत सेवाबाट वञ्चितिकरण, सामाजिक वहिस्करण आदि), कम्तिमा आधा गर्ने, सबैलाई न्यूनतम् सामाजिक सुरक्षाको दायरामा ल्याउने, आर्थिक स्रोत साधनमा सवैको पहुँच बढाउने, गरीवको भूस्वामित्व र उत्पादक सम्पत्ति माथि पहुँच पुऱ्याउने र गरीव तथा निम्छरा(vulnerable)हरुआर्थिक संकट, सामाजिक समस्या र जलवायु परिवर्तनसंग जुध्ने क्षमता विकासगर्नेकुरा पर्छन् । यो लक्ष्य प्राप्तिमा सहयोग पुर्‍याउनसहकारीले निम्न कार्यहरु गर्नु पर्नेछ :

(१) वचत तथा ऋणका कार्यक्रमहरु तथा अन्य वित्तीय सेवा (सुरक्षण, विप्रेषण, आदि) मार्फत स्थानीय साधन स्रोतको परिचालन गरी वरोजगारी सिर्जना र आय आर्जन गराउने,

(२) स्थानीय साना उद्यमीहरु द्वारा प्रवर्द्धित उत्पादनका लागि प्रविधि, भंडारण, वजार उपलव्ध गराई गरिवहरुलाई उद्यमी वनाउने,

(३) आधारभूत शिक्षा, स्वास्थ्य, खानेपानी तथा सफाईका सेवाका क्षेत्रमा काम गर्दै आफ्नासदस्यहरुको यी सेवामा पहुँच बढाउने,

(४) सहकारी खेती एवम् व्यवसाय प्रर्वद्धन गरी सवै सदस्यहरुलाई उत्पादन संग जोड्ने

(५) सामाजिक सुरक्षण (वीमा) का माध्यमबाट आफ्ना सबै सदस्यलाई सुरक्षा प्रदान गर्ने

(६) स्थानीय सरकारसंग मिलेर गरिव लक्षित कार्यक्रमहरु संचालन गर्ने

(७) समाजप्रतिको चासो (उत्तरदायित्व) को रुपमागरीव, असहाय र जोखिममा परेका परिवारहरुलाई सहयोग गर्ने

**(ख) भोकमरी तथा कुपोषण अन्त्य गर्ने, खाद्य सुरक्षा कायम गर्ने र कृषि उत्पादकत्व वृद्धि गर्नेः**

यस लक्ष्य अन्तर्गत सन् २०३० सम्ममा भोकमरी तथा कुपोषण अन्त्य गर्ने, सबैलाई खाद्य सुरक्षा प्रदान गर्ने (वाल वालिका, किशोर किशोरी, प्रजनन् अवस्थाकामहिला तथा वृदवृद्धा लगायत), कृषि उत्पादकत्व १५ वर्षमा दोव्वर गर्ने र साना किसानहरुको आय वृद्धि गर्ने विषयहरु छन् । सहकारी संस्थाहरुले निम्न कार्यहरु मार्फत यो लक्ष्य प्राप्तिमा सहयोग पुर्‍याउनु पर्नेछ :

(१) खाद्य सुरक्षाका लागि कृषि उत्पादन, प्रशोधन तथा विक्रि वितरण सहकारी मार्फत कृषिको व्यवसायिकरण तथा आधुनिकीकरण गर्दै कृषि उत्पादकत्व दोव्वर गर्ने तर्फ कार्य गरेर,

(२) कृषिका लागि मल, विउ लगायतका कृषि सामग्री आपुर्ति गर्ने, कृषि ऋण प्रवाह गर्ने र कृषि उत्पादनको भंडारण सुविधामा सघाउ पुऱ्याएर,

(३) पोषणयुक्त स्वस्थ्य खाद्यान्न उत्पादन, वितरण तथा उपभोगमा स्थानीय सरकारसंग समेत सहकार्य गरेर,

(४) जमीनको चक्लावन्दि मार्फत सहकारी खेती, सामूहिक रुपमा लघु यान्त्रिकरण, उन्नत प्रविधिको प्रयोग र उत्पादनको सुरक्षित भण्डारण र प्रशोधनको व्यवस्था मार्फत कृषिउत्पादकत्व बढाउन सघाउ पुऱ्याएर,

(५) साना किसान विकास कार्यक्रमलाई कृषि सहकारी संस्था र साना किसान बैंक मार्फत अभियानको रुपमा अघि बढाउदै साना किसानकै वाहुल्य भएको हाम्रो मुलुकमा समावेशी आर्थिक वृद्धि र कृषिको रुपान्तरण दुवै हासिल गर्न सहयोग पुर्‍याएर।

### (ग) सबैको स्वस्थ्य, दीर्घ तथा सुखी जीवन :

यस लक्ष्य अन्तर्गतसबैको स्वास्थ्य जीवन र चिरायुको लागि मातृ मृत्यूदर घटाउने, नवजात शिशु र वाल मृत्युदर घटाउने, रोगको प्रकोप नियन्त्रण गर्ने, प्रजनन् स्वास्थ्यका लागि सर्वसुलभ रुपमा स्वास्थ्य सेवा उपलब्ध गराउने, सुखी र स्वस्थ परिवारको लागि परिवार कल्याण कार्यहरु गर्ने, सूर्ति तथा मदिराको व्यवस्थापन गर्ने र स्वास्थ्य वीमालाई सर्वसुलभ बनाउने कुराहरु समेटिएका छन् । यद्यपी आधारभूत स्वास्थ्य सेवा राज्यको दायित्व भित्र पर्नु पर्छ र सरकारी वजेट मार्फत नै यस्तो सेवालाई वित्त व्यवस्थापन गर्नु पर्दछ,तथापी सरकारी सेवालाई परिपुरक भूमिका मार्फत सहयोग पुऱ्याउने तर्फ सहकारीको महत्वपूर्ण भूमिका हुनेछ । सहकारी संस्थाहरुले निम्न कार्यहरु मार्फत यो लक्ष्य प्राप्तिमा सहयोग पुर्‍याउन सक्ने छन् :

(१) स्थानीय सरकार संगको सहकार्यमा आधारभूत स्वास्थ्य सेवा दिने सहकारी स्वास्थ्य चौकी तथा अस्पतालहरु संचालन गरेर,

(२) सरकारको स्वास्थ्य वीमा सेवामा सहकारीवाट संचालित हुने स्वास्थ्य चौकी तथा अस्पतालहरुलाई संलग्न गराएर, आफ्ना सदस्यहरुको स्वास्थ्य सुरक्षण (वीमा) मा सरिक भएर,

(३) विषदिरहित, मानव स्वास्थ्यमा प्रतिकूल असर नपर्ने तथा स्वस्थ्य उपभोग्य वस्तु उत्पादन तथा आपूर्ति प्रणाालीमा सरकि भएर,

(४) मानव जीवनलाई प्रतिकुल प्रभाव पर्ने उपभोग, जीवनशैली, आचरण र सामाजिक व्यवहारका विरुद्ध संगठित रुपमा सामाजिक जिम्मेवारी वहन गरेर,

(५) सरसफाईका कार्यकममा स्थानीय सरकारसंग सहकार्य गरेर, सार्वजनिक तथा निजी शौचालय निर्माणमा सहभागी भएर तथा स्वस्थ्य जीवन वारे योग, प्रशिक्षण एवं स्वास्थ्य शिविर संचालन गरेर।

### (घ) गुणस्तरीय शिक्षा र जीवनपर्यन्त सिकाइ :

यस लक्ष्य अन्तर्गत समावेशी, समतामुलक एवम् गुणस्तरीय शिक्षाको प्रत्याभूतिगर्ने र जीवनपर्यन्त सिकाइका अवसरहरु प्रदान गर्ने विषय समटिएका छन् । शिक्षा सम्वन्धि यो लक्ष्य भित्र २०३० सम्ममा सबै वालवालिकाले निशुल्क, समतायुक्त र गुणस्तरीय रुपमा प्राथमिक र माध्यमिक शिक्षासुनिश्चित रुपमा प्राप्त गर्ने, पूर्व प्राथमिक शिक्षा सवै वालवालिकाहरुले प्राप्त गर्न पाउनु पर्ने, गुणस्तरयुक्त प्राविधिक तथा सीप विकास तालिमहरु सर्वसुलभ रुपमा प्राप्त गर्न पाउनु पर्ने, युवा रोजगारीका अवसर वढाएर उनीहरुको उत्पादन र उत्पादनको वृद्धि गर्ने, साक्षरता बढाउने र असल नागरिक शिक्षाका

माध्यमबाट शान्ति, सुव्यवस्था र दिगो विकासमा सहयोगी हुने खालका नागरिकहरु तयार गर्ने विषयहरुछन् । स्वास्थ्य सेवा जस्तै आधारभूत शिक्षा सेवा पनि सरकारकै दायित्व भित्र पर्दछ ।सहकारी संस्थाहरुले निम्न कार्यहरु मार्फत यो लक्ष्य प्राप्तिमा सहयोग पुर्‍याउन सक्नुपर्नेछ :

(१) अहिले कंपनीकरण भईरहेको शिक्षालाई सहकारीकरण गर्ने कार्यमा नेतृत्वदायी भुमिका लिएर,

(२) विशेषत पूर्व प्राथमिक शिक्षा, उच्च माध्यमिक पछिको शिक्षा, प्राविधिक एवम् व्यवसायीक शिक्षा र सीप विकासका कार्यक्रमहरु संचालन गरेर,

(३) संस्थागत सामाजिक दायित्व अर्न्तगत नागरीक चेतना अभिवृद्धि, युवा केन्द्रित रोजगारीका लागि सीप विकास कार्यक्रमहरु एवम् उच्च शिक्षा हासिल गर्न वित्तीय सेवा पुऱ्याएर,

**(ङ)** लैङ्गिक समानता र महिला सशक्तिकरण **:**

यस लक्ष्य अन्तर्गत लैङ्गिक समानता हासिल गर्ने र महिला सशक्तिकरण गर्ने, महिला विरुद्धका सवै भेदभावहरुको अन्त्य गर्ने लैङ्गिक हिंसाको अन्त्य गर्ने, वालविवाह एवम् महिला वेच विखनको अन्त्य गर्ने, राजनैतिक, व्यवसायिक र सामाजिक जीवनमा महिलाहरुलाई नेतृत्वदायी भूमिकामा पुऱ्याउने र प्रजनन् स्वास्थ्य सम्वन्धी अधिकारहरु स्थापित गर्ने विषय समेटिएका छन् । सहकारी संस्थाहरुले निम्न कार्यहरु मार्फत यो लक्ष्य प्राप्तिमा सहयोग पुर्‍याउनु पर्नेछ :

(१) महिला सहकारी संस्थाको विकास, सहकारी संस्थाहरुमा महिलाको उच्च सहभागिता, संस्थाको संचालक समितिमा उल्लेख्य महिला सदस्यको व्यवस्था गरेर,

(२) महिला केन्द्रित व्यवसाय र आय आर्जन मार्फत महिला सशिक्तिकरणमा सहयोग पुर्‍याएर,

(३) संघिय, प्रादेशिक तथा स्थानीय सरकारहरु संगको सहकार्यमा महिला उत्थान कार्यकमहरु संचालन गरेर,

(४) संघिय सरकारका गरिवी निवारण कोष, युवा स्वरोजगार कोष, लघु उद्यम कार्यकम, राष्ट्पति महिला उत्थान कार्यकम तथा लघुकर्जा कार्यकमहरुको कार्यान्वयनमा सहभागी भएर,

(५) स्थानीय सरकारका महिला तथा गरिव लक्ष्यित कार्यकमहरु कार्यान्वयनमा सहभागि भएर,

**(च)** सुरक्षित पानी र सफाई सुविधा **:**

यस लक्ष्य अर्न्तगत सवैका लागि सुरक्षित पानी र सफाई सुविधा सुनिश्चित गर्ने विषय पर्दछन् । यसका लागि सवैले समान ढंगले र दिगो प्रकारले पानी र सफाईको सुविधा पाउनु पर्ने, पानीको मुहान सुरक्षित राख्दै प्रदुषण हुन नदिने, सुरक्षित पानीको श्रोतको एकिकृत ढंगले विकास गर्ने र हिमाल, पहाड, जंगल, नदीनाला, ताल तलैया आदि संरक्षण गर्ने कार्यहरु अघि बढाउने लक्ष्य छन् । यी लक्ष्य प्राप्तिमा सहयोग पुर्‍याउनसहकारी संस्थाहरुले निम्न कार्यहरु गर्नुपर्नेछ :

(१) समाज प्रतिको उत्तरदायित्व, वातावरण प्रतिको उत्तरदायित्व र सदस्य हित अभिवृद्धि गर्न समेत खानेपानीको श्रोत संरक्षण,

(२) सामूदायिक रुपमा खानेपानी सुविधाको संरचना विस्तार र फोहरव्यवस्थापन एवम् प्रसोधन कार्य मार्फत सफाइको क्षेत्रमा योगदान पु¥याउने,

(३)फोहरबाट उर्जा,प्राङ्गारिक मल, पुर्नप्रयोग वा पुन उत्पादन र फोहरको उचित विसर्जन गर्ने ,

(४) स्थानीय सरकारसंगको सहकार्यमा खानेपानी वितरण तथा उपभोग व्यवस्थापनमा सरिक हुने ।

**(छ) सवैका लागि** आधुनिक उर्जाको सुविधाः

यस लक्ष्यले सवैलाई दिगो, सहज पहुँचमुक्त र आधुनिक उर्जाको सुविधा पु¥याउने विषय समेटेको छ । यस अन्तर्गत सन् २०३० सम्ममा सवैलाई नवीकरणीय उर्जाको पहुँच पु¥याउने, सम्पूर्ण उर्जा खपतमा नवीकरणीय उर्जाको अनुपात वढाउने र उर्जाको कुशलता दोव्वर गर्ने कुराहरु लक्षित छन् । सहकारी संस्थाहरुले निम्न कार्यहरु मार्फत यो लक्ष्य प्राप्तिमा सहयोग पुर्‍याउन सक्ने छन् :

(१) साना जलविद्युत, सौयउर्जा, वायुउर्जा, जैविकउर्जा लगायतका आधुनिक उर्जा उत्पादनमा संस्थागत रुपले अघि वढेर,

(२) ठूला आयोजनाहरुबाट उत्पादित विद्युत वितरण तथा उपभोग व्यवस्थापनमा सरिक भएर,

(३) ग्रिड प्रणाली नपुग्ने क्षेत्रमा वैकल्पिक उर्जा उत्पादन एवम् वितरण र गार्हस्थ उर्जाको आपुर्ति गोबरग्यासका माध्यमबाट गर्न सकिने स्थानहरुमा आफैं प्रर्वद्धक भएर,

(४) निजी क्षेत्रबाट विद्युत उत्पालनमा हुने पहलमा वित्तीय स्रोत (ऋण) परिचालन गरेर,

**(ज) समावेशी आर्थिक वृद्धि र मर्यादित कामः**

यस लक्ष्य अन्तर्गत दिगो, समावेशी आर्थिक वृद्धि हासिल गर्ने उत्पादक रोजगारीका अवसरहरु प्रदान गर्ने र मर्यादित कामको सुनिश्चितता गर्ने विषय पर्दछन् । समावेशी आर्थिक वृद्धि भनेकै उत्पादनका साधनमा सवैको पहुँच, उत्पादन प्रकृयामा सवैको सहभागिता, प्रतिफलमा न्यायिक हिस्सा र यी सवै चरणका नीति निर्णयमा सवैको भूमिका रहने अवस्था हो । उत्पादक रोजगारी भनेको न्यायोचित ज्याला, पूँजिले श्रमको शोषण गर्न नपाउने अवस्था हो । मर्यादित काम भनेको जीवनलाई, स्वास्थ्यलाई, वातावरणलाई, तथा समाजलाई प्रतिकुल असर नपर्ने र आत्मसम्मानका साथ आफुलाई रोजगारी वा स्वरोजगारीमा संलग्न गराउने कार्य हो ।सहकारी संस्थाहरुले निम्न कार्यहरु मार्फत यो लक्ष्य प्राप्तिमा सहयोग पुर्‍याउन सक्ने छन् :

(१) थोरै पूँजीका आधारमा पनि उत्पादनमा, त्यसको लाभमा, तथा त्यसको निर्णय प्रकृयामा सहभागी गराई समावेशी विकासमा सहयोग पुर्‍याएर,

(२) नाफाको न्यायोचित वितरण र समाज एवम् वातावरण अनुकुलका कार्य गरेर,

(३) कृषि एवम् पशुपक्षि सहकारी, पर्यटन सहकारी, शिक्षा एवम् स्वास्थ्य सहकारी, कृषि प्रशोधन सहकारी, थोक एवम् खुद्रा व्यापार सहकारी र वचत तथा ऋण सहकारीका माध्यमबाट रोजगारी सिर्जना गरेर,

(४) पूँजीले श्रमको शोषण नगर्ने गरी श्रम संवन्ध विकास गरेर तथा आफ्ना कर्मचारीहरुलाई सामाजिक सुरक्षाको दायरामा ल्याएर ।

**(झ) दिगो पूर्वाधारको विकास, समावेशी औद्योगिकिकरण र अन्वेषण :**

यस लक्ष्यमा टिकाउ पूर्वाधारको विकास, समावेशी औद्योगिकिकरण र अन्वेषणको प्रवर्द्धन गर्ने विषयहरु समेटिएका छन् । यस लक्ष्य प्राप्तिका लागि साना, मझौला उद्योगहरुको विकास, प्रविधिको उच्च उपयोग र लघु कर्जाको माध्यमबाट साना व्यवसायहरुको प्रवर्द्धन गर्ने र अल्पविकसित मुलुकहरुमा औद्योगिक श्रमिकको अनुपात हालको अवस्थाबाट सन् २०३० सम्ममा दोव्वर गर्ने उद्देश्यहरु राखिएका छन् । सहकारी संस्थाहरुले निम्न कार्यहरु मार्फत यो लक्ष्य प्राप्तिमा सहयोग पुर्‍याउन सक्ने छन् :

(१) साना, मझौला उद्योग व्यवसायहरु सहकारी संरचना वा प्रणाली अन्तर्गत संचालन गरेर,

(२) बैंकिङ्ग प्रणाली अन्तर्गतको लघुवित्त सेवाले नसमेटेको वा ठूलो बैंकिङ्ग कारोवारका लागि योग्य नदेखिएका धेरै ठूलो संख्यामा रहेका व्यवसायीहरुका लागि वित्तीय श्रोतको आधार वनेर,

(३) कृषिमा रहेको अधिक श्रमशक्तिलाई औद्योगिक क्षेत्रतर्फ रुपान्तरण गर्न पनि साना, मझौला हुँदै क्रमसः ठूला व्यवसाय समेतमा जानसक्ने गरी क्षमता विकास गरेर ।

(४) स्थानीय ज्ञान, सीप, प्रविधि तथा विधिलाई आधुनिकिकरण गर्दै आर्थिक रुपान्तरणमा अन्वेषणलाई आत्मसात गरेर ।

**(ञ) राष्ट्रहरु माझ र राष्ट्रभित्र असमानता घटाउने :**

यस लक्ष्यले राष्ट्र राष्ट्रहरु विच र मुलुक भित्र परिवारहरु विच असमानता घटाउने, यसका लागि आय श्रृङ्खलामा सवैभन्दा तल्लो आयस्तर हुने ४०% जनताको आयवृद्धि मुलुकको औसत प्रतिव्यक्ति आयवृद्धि भन्दा उच्च पार्ने; सबै उमेर, लिङ्ग, शारीरिक अवस्था, जाति, समुदाय, धर्म र आर्थिक स्तरका व्यक्तिहरु समान अवसर र आर्थिक वृद्धिको लाभमा सहभागिता जनाउन पाउनुपर्ने, आर्थिक नीतिहरु श्रमबजार नीतिहरु र सामाजिक संरक्षण नीतिहरु असमानता घटाउने गरी तर्जुमा गर्नुपर्ने,अर्न्तराष्ट्रिय नीति निर्माणमा विकाशशिल मुलुकहरुको उच्च सहभागिता हुनु पर्ने र आप्रवासन नीति र नियमन विभेदकारी हुन नहुने जस्ता विषय समेटेको छ । सहकारी संस्थाहरुले निम्न कार्यहरु मार्फत यो लक्ष्य प्राप्तिमा सहयोग पुर्‍याउन सक्ने छन् :

(१) सहकारी संस्थाहरुले आफ्नो अर्न्तराष्ट्रिय मञ्च मार्फत मुलुकहरुविच वढ्दो असमानता विरुद्धआवाज उठाएर,

(२) आन्तरिक रुपमा आयको असमानता घटाउने गरी संगठन निर्माण एवं विस्तार गर्ने र कार्यक्रमहरु संचालन गरेर,

(३) साना-मझौला, किसान व्यवसायी र स्वरोजगार व्यक्तिहरुलाई संगठित गर्दै उनीहरुको आय वृद्धि मुलुकको प्रतिव्यक्ति आयवृद्धि भन्दा धेरै हुने गरी काम गरेर ।

## (ट) सुरक्षित शहर तथा वस्तिहरु र आवासः

यस अन्तर्गत शहर र वस्तीहरु समावेशी, सुरक्षित, थेग्न सक्ने (resilient) र दिगो वनाउने, यसका लागि सवैलाई आवास र आधारभुत सुविधाहरु प्रदान गर्ने, सुरक्षित एवम् आयले धान्न सक्ने (affordable) यातायात सेवाको व्यवस्था गर्ने, शहरीकरणलाईव्यवस्थितगर्ने र शहरी वातावरण स्वच्छ राख्ने जस्ता विषयहरु समेटिएका छन् ।

नेपालमा आवास क्षेत्रमा सहकारीको भूमिका अघि बढेको छैन । त्यसैगरी व्यवस्थित वस्ति विकास गरी आवश्यक सेवा सहितको वसोवास प्रवन्ध गर्नमा सहकारी पछि परेका छन् । शहरी क्षेत्रमा आवासको व्यवस्थागर्न अघि बढेका केही सहकारीहरु विवादमा परेका छन् । शहरी यातायातमा सीमित रुपमा मात्र काठमाडौं केन्द्रित यातायात सेवा पुनः शुरु भएको छ । अन्य सवै यातायात सेवाहरु निजी क्षेत्रको संचालन छन् र असुरक्षित अवस्था, प्रतिस्पर्धा र अस्वभाविक नाफामा संचालित छन् । यसलाई सुधार गर्न सरकार आफैंले यातायात चलाउन वा घर जग्गा विकास गर्नु पनि आवश्यक छैन । त्यसैले उपयुक्त नीतिगत व्यवस्था गरेर यसमा सहकारीलाई अघि बढाउनु जरुरी छ । सहकारी संस्थाहरुले निम्न कार्यहरु मार्फत यो लक्ष्य प्राप्तिमा सहयोग पुर्‍याउन संभव देखिन्छ :

(१) सहकारी आवास नीति पारित गरी सर्वसुलभ सामूहिक आवास विकास गर्ने कार्यलाई अघि वढाएर,

(२) संघिय, प्रादेशिक तथा स्थानीय सरकारमो सहकार्यमा सार्वजनिक यातायात नीति तयार गरी त्यस मार्फत यातायात सेवामा सहकारीको भूमिकालाई अघि वढाएर,

(३) शहरी फोहर संकलन र व्यवस्थापनमा समेत लाभको आधारमा नै अघि बढेर ।

## (ठ) दिगो उपभोग र उत्पादन प्रणालीः

यो लक्ष्यले सम्पूर्ण उपभोग र उत्पादन प्रणालीलाई दिगो वनाउने आकांक्षा राखेको छ । खासगी प्राकृतिक साधनस्रोतको व्यवस्थित दोहन गर्ने, खाद्यान्न नोक्सानी (वाली उठाउँदा देखि उपभोगको तहसम्म)लाई अहिलेको अवस्थावाट आधा घटाउने, रासायनिक वतुहरुको उपभोग घटाउने, एक पटक प्रयोग भएका वस्तुहरु संभव भएसम्म रिसाइक्लिङ्ग गर्ने, पुनः उपयोग हुनसक्ने तुल्याउने, खेर जाननदिई उपयोगमा ल्याउने र खेरजानबाट नै वचाउने र प्रकृति सम्मतउत्पादन र उपभोगलाई प्रोत्साहित गर्ने

कुराहरु यस अन्तर्गत छन् । सहकारी संस्थाहरुले निम्न कार्यहरु मार्फत यो लक्ष्य प्राप्तिमा सहयोग पुर्‍याउन सक्ने छन् :

(१) यस लक्ष्यले अपेक्षा गरेको सामाजिक र वातावरणीय उत्तरदायित्व सहितको उत्पादन र उपभोग प्रणाली विकास गरी आगामी पुस्ताहरुकोअझ स्वच्छ, स्वस्थ र समृद्ध रुपमा विकास गर्नमा सहयोगी भएर,

(२) सहकारी सिद्धान्त अनुरुपनै मानव स्वास्थ्य विगार्ने, प्राकृतिक संपदा मास्ने वा सामाजिक विकृति ल्याउने व्यवसाय नगरेर,

(३) संघिय, प्रादेशिक तथा स्थानीय सरकारहरु संग दिगो उपभोग र उत्पादन प्रणालीको विकासमा सहकार्य गरेर ।

**(ड) जलवायु परिवर्तन न्यूनिकरण तथा अनुकुलनः**

यो लक्ष्य जलवायु परिवर्तनलाई न्यूनिकरण गर्ने र अनुकुलन क्षमता बढाउने विषयमा छ । यसले विश्वमा बढ्दो तापक्रमका कारणले सिर्जना हुन थालेका प्रकोपहरु, विनासहरु र जैविक विविधताका ह्रासहरु कमगर्न, हरित ग्यास उत्सर्जन घटाउने देखि जलवायु परिवर्तन अनुकुल जीवन पद्धति समायोजन गर्न सक्ने क्षमता वढाउने र यसका लागि सचेतना फैलाउने, अनुकुलनका कार्यक्रमहरु अघि बढाउने र जलवायु अनुकुलनलाई योजना र विकास कार्यक्रमको अभिन्न अंग वनाउने जस्ता विषय समेटेको छ । सहकारी क्षेत्र विश्वमै र नेपालमा पनि हरित ग्यास उत्सर्जनो मुख्य कारक होइन र यसले सामान्यतया जलवायु परिवर्तन गर्ननै सक्ने प्रकारका औद्योगिक गतिविधि गरेको छैन । तर निजी क्षेत्रका क्रियाकलाप र सरकारको समेत उदासिनताका कारण विश्वव्यापीरुपमा जलवायु परिवर्तन भइरहेकै छ । यस अवस्थामा सहकारी संस्थाहरुले निम्न कार्यहरु मार्फत यो लक्ष्य प्राप्तिमा सहयोग पुर्‍याउन सक्ने छन् :

(१) जैविकविधिको कृषिप्रणाली, नविकरणीय उर्जाको उत्पादन र वितरण, हरितवन, फलफूल र सेवाव्यवसाय (जस्तो ग्रामीण पर्यटन, कृषि पर्यटन, पुनः प्रशोधन आदि) संचालन गरेर,

(२) सहकारी सदस्यहरुलाई जलवायु परिवर्तनको सूचना, जानकारी र अनुकुलन गर्नुपर्ने कार्य बारे क्षमता विकास गरेर,

(३) जलवायु परिवर्तनलाई थेग्न सक्ने स्मार्ट समुदायहरुको विकास जस्ता कार्यबाट जलवायु परिवर्तन सम्वन्धी लक्ष्य प्राप्तिमा सघाउ पुर्‍याएर,

**(ढ) समुद्री जीवन तथा समुद्री स्रोतको संरक्षण :**

यो लक्ष्य समुद्री जीवन, समुद्री स्रोत र त्यसको व्यवथापन संग सम्वन्धित भएकोले नेपालमा सहकारी क्षेत्रको यो लक्ष्य प्राप्तिमा सोझो योगदान हुने अवस्था छैन । तर यसको स्थानमा हाम्रा हिमालहरुको संरक्षण र हिमाली स्रोतको दिगो परिचालनमा स्थानीय सहकारीहरु लाग्न सक्नेछन् ।

**(ण) भूतलीय पर्यावरण, जंगल, जमीन र जैविक विविधताः**

भूतलीय पर्यावरण, जंगल, जमीन र जैविक विविधताको संरक्षण, जमीनको क्षयिकरण नियन्त्रण, मरुभूमिकरण विरुद्धका कार्यहरु यस लक्ष्य अन्तर्गत समाहित छन् । खासगरी स्वच्छ पानीको स्रोत संरक्षण, सन् २०२० भित्र वनको उचित व्यवस्थापन, वन विनास नियन्त्रण, वृक्षारोपणमा विस्तार, हिमाली स्रोत पर्यावरणको संरक्षण, वन्य जन्तु संरक्षण र यी सेवामा स्थानीयहरुको लाभको न्योचित व्यवस्थापन यस लक्ष्य अन्तर्गत राखिएका छन् ।

नेपालमा वन क्षेत्रले ढाकेको क्षेत्रफल धेरै समयपछि वढ्ने क्रम शुरु भएको छ भने सामुदायिक वनहरु पनि यसमा योगदान पुऱ्याउन सफल भएका छन् । वन उपभोक्ता समितिहरुवनस्रोत परिचालन सहकारीहरुको रुपमा रुपान्तरण भएमा विधिसम्मत ढंगले वन पैदावारको विकास, प्रशोधन, वजारीकरण र लाभको न्यायोचित वितरण गर्ने कार्यले थप संस्थागत स्वरुप लिन सक्ने देखिन्छ । यस पृष्ठभूमीमा सहकारी संस्थाहरुले निम्न कार्यहरु मार्फत यो लक्ष्य प्राप्तिमा सहयोग पुर्‍याउन सक्ने छन् :

(१) गैरकाष्ठ वन उत्पादन  (फलफूल, जडिवुटी, घाँस, औद्योगिक कच्चा पदार्थ आदि) संग सम्वन्धित सहकारीहरुको विस्तार गरेर स्थानीय तहमा रोजगारी र आय आर्जनमा वृद्धि हुने, हरितक्षेत्रको विस्तार हुँदैजाने र त्यसबाट समुचित लाभ सवैलाई प्राप्तहुने संभावना विकास गरेर,

(२) आफ्ना व्यवसाय संचालन गर्दा वन, जमीन र वातावरण विनास नहुनेगरी कार्यान्वयन गरेर,

(३) हरित व्यवसायको प्रवर्धनमा नेतृत्वदायी भूमिका निवार्ह गरेर ।

**(त) शान्तिपूर्ण समाज, न्यायमा सवैको पहुँच र समावेशी संस्थाहरको विकासः**

यस लक्ष्यले शान्तिपूर्ण समाज, न्यायमा सवैको पहुँच र समावेशी संस्थाहरको विकास मार्फत दिगो विकास गर्ने विषय समेटेको छ । यस अन्तर्गत सवैप्रकारका हिंसाको अन्त्यगर्ने अवैध हातहतियार, लागु पदार्थ  र मानव ओसारपसार रोक्ने, भ्रष्टाचार र घुसखोरीको अन्त्यगर्ने निर्णय प्रकृयामा समावेशीता, पारदर्शिता र जवाफदेहीता  सुनिश्चितगर्ने, सूचनाको हक स्थापितगर्ने जस्ता विषयहरु समेटिएका छन् । उत्पादनका साधनस्रोतमा सवैको पहुँचहुने, लाभको समन्यायिक वितरण हुने र निर्णय प्रकृयामा सहभागिता सुनिश्चितहुने कुराले गर्दा सहकारी संस्थाहरु यो लक्ष्य प्राप्तिमा महत्वपूर्ण रहन्छन् । सहकारी संस्थाहरुले निम्न कार्यहरु मार्फत यो लक्ष्य प्राप्तिमा सहयोग पुर्‍याउन सक्ने छन्:

(१) सामाजिक न्याय नै व्यवसायीक सिद्धान्त मान्ने र आफ्ना सदस्यहरु मार्फत समाजप्रति पनि जवाफदेही हुने कार्य मार्फत सुशासन अभिवृद्धिमा सहयोग पुर्‍याएर,

(२) सामाजिक सद्भाव, सहयोग, सहकार्य तथा भाइचारा मार्फत सामाजिक पूँजी निर्माणमा सहयोग पुर्‍याएर,

(३) सहकारी संस्था संचालन, व्यवस्थापन, सदश्य सेवा, मुनाफाको वितरण तथा सामाजिक उत्तरदायित्वको परिपालनमा उदाहारणीय शासकीय अभ्यास गरेर ।

**(थ)** अर्न्तराष्ट्रिय साझेदारीः

यो लक्ष्य अर्न्तराष्ट्रिय साझेदारीका मान्यताबाट समेत दिगो विकास लक्ष्य कार्यान्वयनको क्षमता बढाउने विषय संग सम्वन्धित छ । आन्तरिक साधन स्रोतको परिचालन वढाउने, वैदेशिक सहायता प्रतिवद्धता अनुरुपनै प्रवाह हुनु पर्ने, लगानी प्रवर्द्धनको वातवरण वनाउने, प्रविधि हस्तातरण गर्ने, व्यापार सहजिकरण गर्ने, आर्थिक नीतिहरुमा सुधार गर्ने र यी सवै कार्यको गतिलो अनुगमन गर्न तथ्याङ्क प्रणालीको विकास गर्ने कुराहरु यसभित्र समेटिएकाछन् । सहकारी संस्थाहरुले निम्न कार्यहरु मार्फत यो लक्ष्य प्राप्तिमा सहयोग पुर्‍याउन सक्ने छन् :

(१) अन्तराष्ट्रिय सहयोग, नीति निर्माण एवम् प्रविधि हस्तान्तरणका विषयहरु सहकारीको अन्तराष्ट्रिय संस्था - आइसिए ले विश्व मंचमा उठाएर, सहकारीका क्षेत्रीय संगठनहरुले क्षेत्रीय विकास मञ्चमा यो विषय उठाएर,

(२) विकशित र उदयीमान मुलुकका सहकारी संस्थाहरुले विकाशोन्मुख र नेपाल जस्ता अल्पविकसित मुलुकका लागि सहकारी क्षेत्रका ज्ञान, प्रविधि, शीप, अनुभव र उत्तम अभ्यासहरु हस्तान्तरण गरेर,

(३) राष्ट्रिय स्तरका सहकारी संघ एवम् राष्ट्रिय सहकारी महासंघले मुलुक भित्र र वाहिर सहकारीतामा आधारित विकासको मार्ग चित्रको प्रर्वद्धन गरेर,

(४) दातृ निकायहरुलाई पनि सहकारी क्षेत्र विकासको साझेदार हो भन्ने कुरा वुझाउँदै एवं सरकारका कार्यक्रमहरुमा सहभागी हुँदै स्थानीय साधन स्रोतको अधिकतम् परिचालन गरी गरीवी शून्य गर्ने देखि महिला सशक्तिकरण र न्यायपूर्ण समाज स्थापनामा योगदान दिएर ।

## ३. दिगो विकास लक्ष्यको कार्यान्वयनका लागि साझेदारी :

अवको १४ वर्ष विश्व कै विकासको कार्यसूचि दिगो विकास एजेण्डा नै हो । राष्ट्रिय योजना तथा विकास कार्यक्रम अर्न्तराष्ट्रिय सहयोग र प्रविधि हस्तान्तरण, विकाशोन्मुख राष्ट्रहरु विचको सम्वन्ध सरकार र निजी क्षेत्र, सरकार र सहकारी क्षेत्र तथा निजी क्षेत्र र सहकारी क्षेत्र विचको विकास साझेदारी पनि दिगो विकास लक्ष्यकै खाकामा चल्न पर्ने देखिदैछ । यस अवस्थामा संघिय, प्रादेशिक एवं स्थानीय सरकार, निजी क्षेत्र र  सहकारी क्षेत्रले निर्वाह गर्नु पर्ने परिपूरक भूमिकाहरु निम्न प्रकार हुनेछन् ।

प्रथमतः हालै संसोधन भएको सहकारी ऐनलाई परिमार्जन गरी संविधानको भावना अनुरुप सरकार र निजी क्षेत्रसंग सहकारीले व्यवसाय विकास, पूँजी परिचालन, गरिवी निवारण र समावेशी विकासका लागि काम गर्न पाउने अवस्था सिर्जना गर्नु पर्नेछ ।

दोस्रो,प्रदेश र स्थानीय तहमा समेत सहकारी मैत्री कानून निर्माण गराउन र सवै तहका सरकारहरुको सहकारी सम्वन्धमा सिद्धान्ततः एकै प्रकारको नीतिगत, तथा नियामक व्यवस्था कायम गराउन पहल गर्नु पर्नेछ ।

तेस्रो, प्रदेश तथा स्थानीय तहका विकासका गुरुयोजनाहरु, आवधिक योजनाहरु तथा वार्षिक विकास योजना तथा कार्यक्रमहरुमा सहकारी क्षेत्रसंगको सहकार्यको स्पष्ट व्यवस्था गराउनु पर्नेछ ।

चौथो, आफ्नो स्रोत साधन परिचालन र केही हदसम्म वजेट सहयोग मार्फत सामाजिक न्याय र वातावरण संरक्षण कायम गर्दै सहकारी व्यवसायको प्रवर्द्धन मार्फत दिगो विकास गर्ने आफ्नै रणनीति पत्र र कार्यान्वयन योजना तयार गर्नुपर्नेछ । खासगरी आफ्नै पनि दिगो विकास लक्ष्य अन्तर्गत सरकार र निजी क्षेत्रसंगको साझेदारीमा गर्ने कार्यक्रमहरुको रणनैतिक खाका तयार गर्नु पर्नेछ ।

पाँचौ, सहकारी संस्थाहरुलेनिजी क्षेत्र भन्दा भिन्न प्रकारले सामाजिक जिम्मेवारी सहित सीमित मुनाफमा व्यवसाय गर्ने र त्यसवापत राज्यबाट संरक्षण, सहुलियत वा सहयोग पाउनसक्ने कर प्रणाली विकास गराउनमा नीतिगत पैरवी गनुपर्नेछ ।

छैठौं, दिगो विकास लक्ष्य कार्यान्यनमा सहयोग पुऱ्याउने अर्न्तराष्ट्रिय दातृ निकाय, संयुक्त राष्ट्र संघ,क्षेत्रिय सहयोग संगठन (जस्तो सार्क वा विमिष्टेक) अर्न्तराष्ट्रिय गैह्र सरकारी संस्थाहरु र क्षेत्रीय विकास वैंकहरु (जस्तो एडिवि वा एआइआइवि) समेतले आफ्नो दिगो विकास लक्ष्यको कार्यान्वयन साझेदारको रुपमा सहकारीलाई मान्यता दिने र रणनैतिक साझेदारको रुपमा नै ग्रहण गर्नु पर्ने देखिन्छ । यसमा सहकारीका शीर्षतहका राष्ट्रिय, क्षेत्रीय र अर्न्तराष्ट्रिय संस्थाहरुको पैरवी, दवाव र सहकार्यका लागि आव्हान गर्ने भूमिका अझ सशक्त वनाउनु पर्ने देखिन्छ । यो व्यवस्था गराउन सरकारको पनि महत्वपूर्ण भूमिका हुनु पर्नेछ ।

सातौं, दातृ निकायहरुको सहयोगको आवधिक रणनीति, खाका वा सम्झौताका दस्तावेजहरुमा सहकारी क्षेत्रसंग गरिने सहकार्यहरु स्पष्ट रुपमा उल्लेख गराउने, सहायता स्वीकार गर्ने निकायले सहकारीको भूमिका सुनिश्चित गरेर मात्र त्यसलाई अंगिकार गर्ने र दातृ निकायले पनि गैह्र सरकारी संस्था प्रतिको अधिक विश्वासलाई सुधार गर्दै समाजका लागि सहकारी झनै जवाफदेही सस्था हुन भन्ने स्वीकार गर्ने अवस्थासिर्जना गर्नु जरुरी छ । यो विश्वास वढाउने गरी सहकारी क्षेत्रले व्यवसायिक गतिविधि अघि बढाउनु उत्तिकै आवश्यक छ ।

अन्त्यमा, नेपालको संविधानमा अन्तर्निहित नागरिकका मौलिक हकहरुको कार्यान्वयन, समावेशी विकास, सर्वव्यापी सामाजिक सुरक्षा, तथा लोककल्याणकारी राज्य हुँदै समाजवाद उन्मूख अर्थतन्त्र निर्माण गर्ने

दूरदृष्टि र दिगो विकास लक्ष्य विच दरिलो संवन्ध भएकाले यी दुवैको प्राप्तीमा सहकारी क्षेत्रले उल्लेखनीय योगदान पुर्‍याउन सक्ने गरी सरकार र निजी क्षेत्रका संस्थाहरुले सहकारी संग सहकार्य गर्न तयार हुनुपर्नेछ । सरकार, सहकारी र निजी क्षेत्रले आर्थिक तथा सामाजिक रुपान्तरणमा परिपूरक भूमिका निर्वाह गर्न सक्ने गरी सहकारी ऐन, शिक्षा तथा स्वास्थ्य ऐन, वन ऐन जस्ता क्षेत्रगत ऐनहरु र कम्पनी ऐनको निर्माण र संसोधनमा सवै सरोकारवालाहरुको ध्यान जानु पर्ने देखिन्छ ।